जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ अंक : ५३ २०८३ साल जेष्ठ २५ गते, सोमबार Monday, June.– 08 2026 मूल्य रु. ५/- पृष्ठ : ४

## दलित विपन्नलाई सिपसँग जोडेर सहुलियत ऋण व्यवस्था गरिने: मन्त्रि लखन दास, खेलकुद तथा समाज कल्याण

***जनकपुर, जेठ २४ –***
तत्मा बौद्धिक समाज धनुषा नेपालको प्रथम प्रदेशस्तरीय भेला जनकपुरस्थित तेली कल्याण धर्मशालामा भव्य रूपमा सम्पन्न भएको छ। शनिबार सम्पन्न उक्त कार्यक्रममा समुदायको एकता, शिक्षा, रोजगारी र सामाजिक सशक्तीकरणका विषयमा विस्तृत छलफल गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री लखन दास तत्माले भेलाको सफलताको शुभकामना व्यक्त गर्दै बौद्धिक जमघटले समुदायलाई एकताबद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्ने बताए।

उनले शिक्षा नै परिवर्तनको प्रमुख संवाहक भएको उल्लेख गर्दै अभिभावकलाई आफ्ना बालबालिकाको शिक्षामा कुनै कसर बाँकी नराख्न आग्रह गरे। "आजको संघर्ष र दुःख भविष्यको उज्यालो आधार हो, शिक्षामा लगानीले भोलिको जीवन मजबुत बनाउँछ," उनले भने। उनले शिक्षा र सीप विकासमार्फत रोजगारीको अवसर प्राप्त हुने तथा राज्यको मूलधारमा समावेश हुन सकिने बताए।

मन्त्री दासले तत्मा, दलित, मुस्लिम तथा विपन्न समुदायका लागि निःशुल्क आवास, सीपमूलक तालिमसँग जोडिएको रोजगार

***"तत्मा बौद्धिक समाजको प्रथम प्रदेश स्तरीय सम्पन्न"***



प्रवर्द्धन तथा सहुलियत ऋणसम्बन्धी नीति कार्यान्वयनतर्फ सरकार अग्रसर रहेको जानकारी दिँदै समुदायको उत्थानमा आफू सधैं साथ रहने प्रतिबद्धता व्यक्त गरे। विशिष्ट अतिथि भारतस्थित इन्डियन इन्क्लुसिभ पार्टीका राष्ट्रिय प्रवक्ता राजकुमार दासले भारतमा रहेका करिब २९ करोड तत्मा/दास समुदायसँग जोडिएर बनेको पान समाजसँग सहकार्य रहने बताए। उनले नेपाल-भारतबीचको 'बेटी-रोटी' सम्बन्ध ऐतिहासिक रहेको उल्लेख गर्दै दुई देशबीचका मतभेद कूटनीतिक पहल र आपसी समझदारीबाट समाधान हुनुपर्नेमा जोड दिए।

उनले संगठित राजनीतिक सहभागिताप्रति खुशी व्यक्त गर्दै "अब मञ्च, माला र नेतृत्व हाम्रो हुनुपर्छ" भन्ने भाव व्यक्त गरेका थिए। त्यस्तै, विदेह नगरपालिकाका नगर प्रमुख बेचन दास ले समुदायको हकहितका लागि सदैव तत्पर रहने प्रतिबद्धता जनाउँदै एकताको सन्देशलाई मजबुत बनाउनुपर्नेमा जोड दिए। उनले बौद्धिक जमातको जमघटले समुदायमा उत्साह थपिएको बताए। राष्ट्रिय तत्मा समाज नेपालका पूर्व अध्यक्ष तथा संघीय सांसद प्रत्यासी राजकुमार दास तत्माले मधेश प्रदेशमा बौद्धिक मञ्चको आवश्यकता अब अनिवार्य भइसकेको उल्लेख गर्दै अझै पनि विभेद कायम रहेको बताए। उनले संगठित भएर राजनीतिक सहभागिता बढाउनुपर्नेमा जोड दिए। पत्रकार महासंघ बाराका

बाँकी तेस्रो पृष्ठमा

## नेपाल-भारत सम्बन्धमा नयाँ उपलब्धि, तीन महत्वपूर्ण समझदारीमा हस्ताक्षर

***काठमाडौं, जेठ २४ –***
नेपाल र भारतबीच डिजिटल भुक्तानी, भूकम्पपछिको पुनर्निर्माण तथा कृत्रिम बुद्धिमत्तामा आधारित डिजिटल पूर्वाधार विकाससम्बन्धी तीन महत्वपूर्ण समझदारी भएका छन्। भारतको औपचारिक भ्रमणमा रहेका नेपालका परराष्ट्रमन्त्री शिशिर खनाल र भारतीय विदेशमन्त्री एस जयशंकर बीच नयाँदिल्लीमा भएको उच्चस्तरीय वार्ताका क्रममा यी सहमतिहरू भएका हुन्।

वार्तापछि जारी विवरणअनुसार नेपाल र भारतबीच सीमापार डिजिटल भुक्तानी सेवाको दायरा विस्तार गरिने भएको छ। यससँगै नेपाली नागरिकले भारतमा रहँदा पनि क्यूआर कोडमार्फत सहज रूपमा डिजिटल भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइनेछ। यसअघि भारतीय नागरिकले नेपालमा यस्तो



सेवा उपयोग गरिरहेका थिए भने अब दुवै देशका नागरिकले पारस्परिक रूपमा डिजिटल कारोबार गर्न सक्ने अवस्था बन्न लागेको छ।

त्यसैगरी, २०७२ सालको विनाशकारी भूकम्पपछि भारत सरकारको आर्थिक सहयोगमा निर्माण सम्पन्न भएका ८४ वटा परियोजना नेपाललाई हस्तान्तरण गरिएको छ। हस्तान्तरण गरिएका परियोजनामध्ये ७२ वटा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित छन् भने १२ वटा सांस्कृतिक सम्पदा पुनर्निर्माणसँग जोडिएका छन्। भारतले भूकम्पपछिको पुनर्निर्माणका लागि नेपाललाई एक अर्ब अमेरिकी डलर बराबरको सहयोग उपलब्ध गराएको थियो।

बाँकी तेस्रो पृष्ठमा

## अदालतको निर्णयपछि सिमराका विवादित सटर उपमहानगरको नियन्त्रणमा

***संवाहक सम्वादाता-२४ बैशाख, कलैया***
जीतपुरसिमरा उपमहा नगरपालिकामा लामो समयदेखि चल्दै आएको सटर भाडा विवाद अदालतको निर्णयपछि टुंगिएको छ। उच्च अदालत वीरगञ्जको फैसलापछि विवादित सात सटर उपमहानगरपालिकाको नियन्त्रणमा आएका छन्।

जीतपुरसिमरा उपमहानगरपालिकाले सिमराको मुख्य बजार क्षेत्रमा रहेका ती सटरहरू आफ्नो नियन्त्रणमा लिएर नगर अस्पतालका लागि औषधि तथा स्वास्थ्य सामग्री भण्डारण गर्ने काम सुरु गरेको छ।

उच्च अदालत वीरगञ्जले सार्वजनिक जग्गामा बनेका ती



सटरसम्बन्धी रिट खारेज गर्दै उपमहानगरपालिकाको पक्षमा निर्णय दिएको थियो। अदालतको निर्णयपछि प्रशासनिक टोलीले सटर नियन्त्रणमा लिएको हो।

यस क्रममा शनिबार नगर प्रहरी र कर्मचारीहरूको उपस्थितिमा सटर खाली गराउने प्रक्रिया अघि बढाइएको थियो। केही समय

बाँकी तेस्रो पृष्ठमा

## बारामा नदीजन्य पदार्थ उत्खननमा कडाइ, एक्स्काभेटर र टिपर प्रयोगमा रोक

***संवाहक सम्वादाता-२४ बैशाख, कलैया***
बारा जिल्लामा नदीजन्य पदार्थ उत्खनन तथा व्यवस्थापनका लागि यस वर्ष नयाँ मापदण्ड लागू गरिएको छ। मधेश प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेको प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) प्रतिवेदनअनुसार अब नदी तथा खोलाबाट ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गर्दा एक्स्काभेटर, जेसीबी र टिपरजस्ता भारी उपकरण प्रयोग गर्न नपाइने भएको छ।

नयाँ व्यवस्थाअनुसार कुटो, कोदालो, बेल्चा, गैंती र साबेलजस्ता हाते औजार प्रयोग गरेर मात्र नदीजन्य पदार्थ निकाल्न पाइनेछ। उत्खनन गरिएको सामग्री घाटसम्म पुर्‍याउन ट्र्याक्टर प्रयोग गर्न सकिने भए पनि अन्य ठूला सवारीसाधनलाई अनुमति दिइएको छैन।

यो व्यवस्था लागू भएपछि निजगढ नगरपालिका, कोल्हवी नगरपालिका तथा जितपुरसिमरा उपमहानगरपालिका अन्तर्गतका विभिन्न नदी तथा खोलामा स्थानीय श्रमिकहरूको सहभागिता बढेको



छ। वर्षौंदेखि मेसिनका कारण रोजगारी गुमाएका मजदुरहरू पुनः उत्खनन कार्यमा फर्किएको स्थानीयहरूले बताएका छन्।

विशेषगरी बकैया खोला र पसाहा खोलामा सयौं श्रमिकले हाते श्रममार्फत नदीजन्य पदार्थ संकलन गरिरहेका छन्। स्थानीय मजदुर तथा ट्र्याक्टर व्यवसायीहरूले यो प्रणालीले रोजगारी सिर्जना गर्नुका साथै नदीको प्राकृतिक स्वरूप जोगाउन मद्दत पुग्ने बताएका छन्।

आईईई प्रतिवेदनले दैनिक ३०० घनमिटरभन्दा बढी नदीजन्य पदार्थ उत्खनन गर्न नपाइने, ०.९४ मिटरभन्दा बढी गहिराइसम्म खन्न नपाइने तथा सूर्योदयदेखि सूर्यास्तसम्म मात्र काम गर्न पाइने व्यवस्था गरेको छ। प्रत्येक वर्ष जेठ मसान्तसम्म मात्रै उत्खनन गर्न पाइने प्रावधानसमेत लागू गरिएको छ।

यद्यपि बाढी, कटान वा नदीजन्य पदार्थको थुप्रोका कारण बस्ती, पुल, वन क्षेत्र वा सार्वजनिक संरचनामा जोखिम देखिएमा प्राविधिक सिफारिस र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयपछि मात्रै एक्स्काभेटर वा जेसीबी प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ।

यसैबीच, डिभिजन वन कार्यालय बाराले वन क्षेत्रमा अवैध रूपमा नदीजन्य पदार्थ भण्डारण गरी एक्स्काभेटरमार्फत लोड गरिरहेको अवस्थामा एउटा एक्स्काभेटर र

बाँकी तेस्रो पृष्ठमा

## मोबाइल र स्मार्ट घडी नष्ट गरेको विरोधमा सिरहामा आन्दोलनको तयारी, क्षतिपूर्तिको माग

***सिरहा, जेठ २४ –***
एसईई र कक्षा-१२ को परीक्षाका क्रममा जफत गरिएका सयौँ मोबाइल फोन र स्मार्ट घडी प्रशासनले नष्ट गरेको घटनाविरुद्ध सिरहामा विद्यार्थी संगठनहरू आन्दोलनमा उत्रिने भएका छन्। करिब एक करोड रुपैयाँ बराबरका उपकरणहरू नष्ट गरिएको भन्दै विद्यार्थी, अभिभावक र कानुन व्यवसायीहरूले विरोध जनाएका छन्।

संयुक्त विद्यार्थी संगठनहरूले सोमबार जिल्ला प्रशासन कार्यालय सिरहाको मुख्य गेट अगाडि बृहत् प्रदर्शन गर्ने घोषणा गरेका छन्। 'विद्यार्थीलाई क्षतिपूर्ति दे सरकार' भन्ने नारासहित हुने प्रदर्शनमार्फत



जफत गरिएका उपकरणको उचित क्षतिपूर्ति र जिम्मेवार अधिकारीमाथि कारबाहीको माग गरिने जनाइएको छ।

अनेरास्ववियु मधेश प्रदेशका संयोजक सतिशचन्द्र सिंह ले परीक्षार्थीहरूको व्यक्तिगत सम्पत्ति नष्ट गर्नु कानुनी र नैतिक दुवै हिसाबले अनुचित भएको भन्दै पीडित विद्यार्थीलाई न्याय दिलाउन आन्दोलन सुरु गरिएको बताए।

जिल्ला प्रशासन कार्यालय सिरहाले गत चैतमा सम्पन्न एसईई र कक्षा-

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय ........

# मधेसमा बाल कुपोषण भविष्यलाई कमजोर बनाउने संकट

मधेस प्रदेशमा बाल कुपोषणको अवस्था चिन्ताजनक तहमा पुगेको तथ्यांकले सरकार, स्थानीय तह, सरोकारवाला निकाय तथा समाजलाई गम्भीर रूपमा झक्झक्याएको छ। स्वास्थ्य निर्देशनालय मधेसले सञ्चालन गरेको पोषण परीक्षण अभियानमा दुई लाख ८३ हजारभन्दा बढी बालबालिकाको स्वास्थ्य परीक्षण गर्दा ४४ हजार ६५४ जना कुपोषित वा शीघ्र कुपोषित अवस्थामा भेटिनु सामान्य समस्या होइन। कुल परीक्षण गरिएका बालबालिकामध्ये झण्डै १६ प्रतिशतमा कुपोषणको जोखिम देखिनु प्रदेशको मानव विकासका लागि ठूलो चुनौती हो । बालबालिकाको शारीरिक तथा मानसिक विकासका लागि आवश्यक पोषणको अभावले उनीहरूको स्वास्थ्य मात्र होइन, शिक्षा, उत्पादकत्व र भविष्यको जीवनस्तरमा समेत नकारात्मक असर पार्छ। आज कुपोषित रहेको बालबालिका भोलिको कमजोर जनशक्ति बन्ने खतरा रहन्छ। त्यसैले कुपोषणलाई केवल स्वास्थ्य समस्या मात्र नभई सामाजिक, आर्थिक र विकाससँग जोडिएको मुद्दाका रूपमा हेर्न आवश्यक छ । मधेसमा कुपोषणका पछाडि गरिबी, अशिक्षा, पोषणसम्बन्धी चेतनाको कमी, सरसफाइको अभाव, बालविवाह, किशोरी आमाको उच्च संख्या तथा सन्तुलित आहारको कमी जस्ता कारणहरू जिम्मेवार छन्। धेरै परिवारमा पौष्टिक भोजनको पहुँच अझै सीमित छ। अर्कोतर्फ, उपलब्ध खाद्यान्नको सही उपयोग र पोषणसम्बन्धी ज्ञानको अभावले समस्या झन् जटिल बनेको छ। प्रदेश सरकारले विभिन्न पोषण कार्यक्रम सञ्चालन गरे पनि अपेक्षित उपलब्धि हासिल हुन सकेको देखिँदैन। तथ्यांकले कार्यक्रमको प्रभावकारिता पुनः समीक्षा गर्नुपर्ने आवश्यकता औंल्याएको छ। स्थानीय तहहरूले पोषण अभियानलाई प्राथमिकतामा राखी गर्भवती महिला, सुत्केरी आमा र पाँच वर्षमुनिका बालबालिकामाथि विशेष ध्यान दिनुपर्छ। विद्यालय, स्वास्थ्य संस्था र समुदायस्तरमा पोषण शिक्षा तथा जनचेतना अभियानलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

कुपोषण न्यूनीकरणका लागि सरकारी प्रयास मात्र पर्याप्त हुँदैन। परिवार, समुदाय, नागरिक समाज, गैरसरकारी संस्था र विकास साझेदारहरूको समेत सक्रिय भूमिका आवश्यक छ। प्रत्येक बालबालिकाले पर्याप्त र सन्तुलित पोषण पाउने वातावरण निर्माण गर्नु राज्यको दायित्व मात्र होइन, सम्पूर्ण समाजको साझा जिम्मेवारी पनि हो। मधेस प्रदेशको यो अवस्था समयमै सुधार गर्न सकिएन भने यसको दीर्घकालीन असर समग्र प्रदेशको विकासमा पर्नेछ। त्यसैले कुपोषणविरुद्धको अभियानलाई कागजी कार्यक्रमभन्दा माथि उठाएर व्यवहारिक र परिणाममुखी बनाउन अब ढिलाइ गर्नु हुँदैन। स्वस्थ बालबालिका नै समृद्ध समाजको आधार हुन्, र त्यो आधार कमजोर भए भविष्य पनि कमजोर बन्नेछ।

# सुशासनतर्फको नयाँ बाटो






बालकृष्ण सिलवाल

डिजिटल शासनले नागरिकको जीवन सहज बनाउनु पर्छ, जटिल होइन । सरकारले डिजिटल कारोबार, साइबर सुरक्षा, डाटा संरक्षण र नवप्रवर्तनसम्बन्धी पुराना कानुन पनि अद्यावधिक गर्नु पर्छ । लगानीकर्ता र उद्यमीलाई स्पष्टता र विश्वास चाहिन्छ । आधुनिक डिजिटल कानुनबिना नेपालले गम्भीर प्रविधि लगानी आकर्षित गर्न सक्दैन ।

नेपाल एउटा शान्त क्रान्तिको सँघारमा उभिएको छ । यो सडक, पुल वा भवनको नभई डाटा, कनेक्टिभिटी, सिप र विचारको क्रान्ति हो । अब नेपालको भविष्य केवल हिमाल र पहाडमुनि लुकेका स्रोतमा मात्र होइन, हाम्रो डिजिटल सञ्जालमार्फत बग्ने सम्भावनामा पनि निर्भर हुन सक्छ । बर्सौंदेखि नेपालले सुस्त शासनव्यवस्था, बेरोजगारी, प्रतिभा पलायन र असमान विकासको समस्या भोगिरहेको छ । यी सबै चुनौतीलाई एकै पटक सम्बोधन गर्न सक्ने एउटा अवसर अहिले हाम्रोसामु छ- डिजिटल रूपान्तरण ।

डिजिटल नेपाल अब केवल कम्प्युटर वा इन्टरनेट पहुँचको विषय रहेन । यो युवाका लागि रोजगारीको विषय हो । किसानले बजार पाउने विषय हो । विद्यार्थीले जहाँबाट पनि सिक्न सक्ने अवसर हो । बिरामीले टाढाबाटै चिकित्सकको सेवा लिन सक्ने माध्यम हो र नागरिकले छिटो, सहज र पारदर्शी सरकारी सेवा पाउने आधार हो ।

नेपालले डिजिटल क्षेत्रमा ठूलो महत्त्वाकाङ्क्षा देखाइसकेको छ । डिजिटल नेपाल फ्रेमवर्क, आइटी दशकको दृष्टि र नयाँ कृत्रिम बौद्धिकता नीति जस्ता नीतिले नेपालले डिजिटल युगको महत्व बुझेको स्पष्ट देखाउँछन् । केवल महत्वाकाङ्क्षाले परिवर्तन ल्याउँदैन । त्यसका लागि प्रभावकारी कार्यान्वयन चाहिन्छ ।

आज नेपालसँग एउटा दुर्लभ अवसर छ । हामी युवा जनसङ्ख्या भएको देश हौं । हरेक वर्ष हजारौं युवा श्रम बजारमा प्रवेश गर्छन् । धेरै युवा फ्रिलान्सिङ, सफ्टवेयर विकास, अनलाइन व्यवसाय र रिमोट काममार्फत विश्व डिजिटल अर्थतन्त्रसँग जोडिइसकेका छन् । नेपाली युवाको प्रतिभा भूगोलले सीमित हुनुहुँदैन भन्ने प्रमाण दिन थालेका छन् । काठमाडौंदेखि पोखरा, धरानदेखि नेपालगन्जसम्म युवापुस्ता ठूला कारखानाभन्दा ल्यापटपको सहारामा व्यवसाय निर्माण गरिरहेका छन् । केहीले विदेशमा डिजिटल सेवा निर्यात गरिरहेका छन् भने केहीले एप, डिजिटल भुक्तानी प्रणाली, शिक्षण प्लेटफर्म र सिर्जनात्मक डिजिटल सामग्री बनाइरहेका छन् । यो एउटा सकारात्मक सङ्केत हो । नेपालको भविष्य केवल श्रम निर्यातमा मात्र निर्भर नहुन सक्छ । अब ज्ञान र डिजिटल सेवा निर्यात पनि हाम्रो आर्थिक आधार बन्न सक्छ ।

यो आशामुनि एउटा पीडादायी यथार्थ पनि लुकेको छ । धेरै युवा अझै बेरोजगार छन् वा बजारको आवश्यकता अनुसार तयार छैनन् । धेरै आइसिटी स्नातकलाई रोजगारीयोग्य बन्न थप तालिम आवश्यक पर्ने देखिएको छ । अवसरको अभावले धेरै दक्ष युवा विदेश गइरहेका छन् । नेपालले हरेक वर्ष हजारौं प्रतिभाशाली युवा गुमाइरहेको छ । सायद यही हाम्रो सबैभन्दा ठूलो डिजिटल चुनौती हो । समस्या प्रतिभाको अभाव होइन । समस्या त्यो प्रणालीको अभाव हो, जसले प्रतिभालाई संरक्षण र प्रवर्धन गर्न सकोस् ।

हाम्रो शिक्षा प्रणाली अझै धेरै सैद्धान्तिक छ । विद्यार्थीले सिर्जना गर्नुभन्दा बढी घोक्ने काम गर्छन् । प्राविधिक शिक्षा उद्योगको आवश्यकताभन्दा पछाडि छ । ग्रामीण विद्यालयमा अझै इन्टरनेट र डिजिटल उपकरणको अभाव छ । सहर र गाउँबिचको डिजिटल दुरी अझै ठूलो छ । डिजिटल रूपान्तरण केवल सहर वा सम्पन्न वर्गका लागि मात्र सफल हुन सक्दैन । हुम्लाको एउटा बालबालिकाले काठमाडौंका विद्यार्थी सरह डिजिटल अवसर पाउनु पर्छ । मधेशकी ग्रामीण युवतीले पनि डिजिटल सिप र अनलाइन काममा समान पहुँच पाउनु पर्छ ।

सरकारले गम्भीरतापूर्वक कदम चाल्नुपर्ने समय आएको छ । सङ्घीय सरकारले डिजिटल सिपलाई राष्ट्रिय प्राथमिकता बनाउनु पर्छ । विद्यालयदेखि विश्वविद्यालय, प्राविधिक शिक्षा र जीवनभर सिकाइसम्म डिजिटल शिक्षा विस्तार हुनु पर्छ । नेपालले शिक्षक तालिम, डिजिटल साक्षरता, कोडिङ, कृत्रिम बौद्धिकता, साइबर सुरक्षा र व्यावहारिक सिपमा ठूलो लगानी गर्नु पर्छ ।

यससँगै कानुन र संस्था पनि आधुनिकीकरण हुनु पर्छ । नेपालको डिजिटल शासन अझै खण्डित छ । विभिन्न निकायले कमजोर समन्वयका साथ अलग अलग प्रणाली सञ्चालन गरिरहेका छन् । यसले नागरिकलाई अन्योल, दोहोरोपन र ढिलाइको सामना गराइरहेको छ । डिजिटल शासनले नागरिकको जीवन सहज बनाउनु पर्छ, जटिल होइन । सरकारले डिजिटल कारोबार, साइबर सुरक्षा, डाटा संरक्षण र नवप्रवर्तनसम्बन्धी पुराना कानुन पनि अद्यावधिक गर्नु पर्छ । लगानीकर्ता र उद्यमीलाई स्पष्टता र विश्वास चाहिन्छ । आधुनिक डिजिटल कानुनबिना नेपालले गम्भीर प्रविधि लगानी आकर्षित गर्न सक्दैन ।

प्रदेश सरकारको भूमिका पनि महत्त्वपूर्ण छ । उनीहरूले काठमाडौँबाहिर प्रादेशिक नवप्रवर्तन केन्द्र, डिजिटल तालिम केन्द्र र स्टार्टअप इकोसिस्टम विकास गर्न सक्छन् । डिजिटल नेपाल केवल काठमाडौंको कथा बन्नुहुँदैन । स्थानीय सरकार पनि उत्तिकै महत्त्वपूर्ण छन् । नगरपालिकाले डिजिटल साक्षरता कार्यक्रम विस्तार गर्न सक्छन् । स्थानीय सेवालाई डिजिटल बनाउन सक्छन् । नागरिकलाई सुरक्षित र आत्मविश्वासका साथ डिजिटल प्लेटफर्म प्रयोग गर्न सहयोग गर्न सक्छन् । डिजिटल समावेशीकरण स्थानीय तहबाटै सुरु हुन्छ ।

निजी क्षेत्रले पनि अब अगाडि आउनु पर्छ । दक्ष जनशक्ति अभावको गुनासो मात्र गरेर हुँदैन । निजी क्षेत्रले आफैं सिप विकासमा योगदान दिनु पर्छ । कम्पनीले विश्वविद्यालय र तालिम संस्थासँग नजिक सहकार्य गर्नु पर्छ । इन्टर्नसिप, अप्रेन्टिससिप, मेन्टरसिप र उद्योग आधारित प्रमाणीकरण प्रणाली आवश्यक छन् । नेपालको निजी क्षेत्रले नवप्रवर्तनमा थप आत्मविश्वास देखाउनु पर्छ । धेरै स्टार्टअप कमजोर वित्तीय पहुँचका कारण सङ्घर्ष गरिरहेका छन् । बैङ्कहरू अझै धितो आधारित ऋण प्रणालीमै सीमित छन् । भेन्चर क्यापिटलको पहुँच न्यून छ । धेरै उत्कृष्ट सोचले सुरुवातमै मर्ने अवस्था छ । सही सहयोग पाइयो भने नेपालको स्टार्टअप इकोसिस्टम रोजगारी र आर्थिक वृद्धिको महत्वपूर्ण स्रोत बन्न सक्छ ।

नेपालले अर्को एउटा अवसर पनि बेवास्ता गर्नुहुँदैन- हरित डिजिटल पूर्वाधार । विश्व डिजिटल अर्थतन्त्रले अत्यधिक विद्युत् खपत गरिरहेको छ । कृत्रिम बौद्धिकता, क्लाउड कम्प्युटिङ र डाटा सेन्टर तीव्र गतिमा विस्तार भइरहेका छन् । नेपाल आफ्नो जलविद्युत् सम्भावनाको उपयोग गर्दै नवीकरणीय ऊर्जामा आधारित डिजिटल पूर्वाधारको केन्द्र बन्न सक्छ । यो कुनै कल्पना मात्र होइन । स्वच्छ ऊर्जा भएका देश भविष्यको डिजिटल अर्थतन्त्रमा अझ महत्वपूर्ण बन्ने छन् । नेपालका नदीले एक दिन घर र उद्योग मात्र होइन, डाटा सेन्टर र डिजिटल सेवालाई पनि ऊर्जा दिन सक्छन् ।

स्वास्थ्य क्षेत्रमा पनि डिजिटल प्रविधिको ठूलो सम्भावना छ । डिजिटल स्वास्थ्य प्लेटफर्म, टेलिमेडिसिन, एआई सहायता प्राप्त निदान प्रणाली र स्वास्थ्य डाटा व्यवस्थापनले विशेष गरी दुर्गम क्षेत्रमा स्वास्थ्य पहुँच सुधार्न सक्छ । शिक्षा क्षेत्र पनि डिजिटल शिक्षण प्लेटफर्म, अनलाइन प्रमाणपत्र र भर्चुअल कक्षामार्फत रूपान्तरण हुन सक्छ । पर्यटन क्षेत्रले पनि डिजिटल भुक्तानी, अनलाइन सेवा, गन्तव्य प्रवर्धन र सिर्जनात्मक डिजिटल सामग्रीमार्फत लाभ लिन सक्छ ।

यी सबै उत्साहका बिच नेपालले एउटा कुरा बिर्सनुहुँदैन- डिजिटल रूपान्तरण मानवकेन्द्रित हुनु पर्छ । प्रविधि आफैं अन्तिम लक्ष्य होइन । यो एउटा साधन हो । यसको सफलता कति एप बने भन्ने आधारमा होइन, नागरिकको जीवन कति सुधारियो भन्ने आधारमा मापन हुनु पर्छ । नागरिक समाज संस्थाको भूमिका पनि महत्वपूर्ण हुन्छ । नेपाल अझ डिजिटल बन्दै जाँदा गोपनीयता, अनलाइन सुरक्षा, गलत सूचना, डिजिटल अधिकार र समावेशीकरणका विषय झन् महत्वपूर्ण बन्ने छन् । नागरिकले निर्माण भइरहेका प्रणालीमाथि विश्वास गर्न सक्नु पर्छ ।

विकास साझेदारहरूले पनि सकारात्मक भूमिका खेल्न सक्छन् । उनीहरूको सहयोग केवल पूर्वाधारमा मात्र होइन, डिजिटल सिप, नवप्रवर्तन, संस्थागत क्षमता र समावेशी शासनमा केन्द्रित हुनु पर्छ । दीर्घकालीन रूपमा नेपाललाई डिजिटल आत्मनिर्भर बनाउन सहयोग गर्नु नै मुख्य उद्देश्य हुनु पर्छ ।

नेपाल अहिले एउटा दोबाटोमा उभिएको छ । एउटा बाटोले खण्डित नीति, कमजोर कार्यान्वयन र गुमेका अवसरतर्फ लैजान्छ । अर्को बाटोले आधुनिक, समावेशी र प्रतिस्पर्धी डिजिटल अर्थतन्त्रतर्फ । यी दुई भविष्यबिचको भिन्नता नेतृत्व, समन्वय र दूरदृष्टिले तय गर्ने छ । हामीले यो अवसर सही रूपमा उपयोग गर्न सक्यौं भने नेपालले युवाका लागि रोजगारी सिर्जना गर्न, सुशासन सुधार्न, समावेशीकरण बलियो बनाउन र विश्व डिजिटल अर्थतन्त्रमा आत्मविश्वासका साथ प्रतिस्पर्धा गर्न सक्छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## युद्ध अन्त्यका लागि मध्यस्थता गर्न पाकिस्तानी अधिकारी तेहरानमा

***तेहरान, जेठ २४ गते ।***
पाकिस्तानका आन्तरिक मामिलामन्त्री मोहसिन नक्वी इरानका विदेशमन्त्री अब्बास अराघचीसँग भेट्न सोही दिन तेहरान आइपुग्नुभएको छ। इरानले वासिङ्टनसँगको शान्ति वार्ताका क्रममा लेबनान र खाडी युद्धबिच सम्बन्ध रहेको बताउँदै युद्ध अन्त्यका लागि गरिने सम्झौताले यसलाई सम्बोधन गर्नुपर्ने माग गर्दै आएको छ ।

अप्रिलमा घोषणा गरिएको युद्धविरामले लेबनानमा लडाई रोक्न असफल भएको छ । यस हप्ता घोषणा गरिएको नयाँ सशर्त युद्धविराम सम्झौतालाई हेजबुल्लाहले ठाडै अस्वीकार गरेको थियो। इरानको विदेश मन्त्रालयले वासिङ्टनको 'शत्रुतापूर्ण र उत्तेजक व्यवहार'को निन्दा गर्दै इरानमा भएको पछिल्लो अमेरिकी आक्रमणको निन्दा गरेको छ । युद्धविरामलाई स्थायी समाधानमा बदल्ने प्रयास बारम्बार रोकिएका छन् । मध्यपूर्व द्वन्द्वले विश्व बजारलाई तहसनहस बनाएको छ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पमाथि अमेरिकी मध्यावधि



चुनावअघि यसलाई समाधान गर्न दबाब बढाएको छ । इरानका सर्वोच्च नेताका सैन्य सल्लाहकार मोहसिन रेजाईले सिएनएनसँग भन्नुभएको छ, "वार्तामा गतिरोध आएको छ र ट्रम्पले यो गतिरोध तोड्नुपर्छ ।" वाशिङ्गटनले यसको सट्टा खाडी सहयोगीहरूमाथि इरानी आक्रमणबाट भएको क्षतिको लागि इरानको रोक्का भएको रकम प्रयोग गर्न दवाव दिन सक्ने विश्लेषकले बताएका छन्। अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टको सोचसँग परिचित एक स्रोतले भन्यो, "इरानले भविष्यमा इरानबाट हुने कुनै पनि क्षतिको पुनर्निर्माण र मर्मतमा सहयोग पुऱ्याउन हाम्रा खाडी सहयोगीलाई इरानको सम्पत्ति उपलब्ध गराउन उपलब्ध सबै उपकरण प्रयोग गर्ने छ ।"

इरान समर्थित लडाकू समूह हेजबुल्लाहले मार्च २ मा इजरायलमाथि आक्रमण गरेपछि मध्यपूर्व युद्धमा तानिएको लेबनानले शुक्रबार इरानलाई आफ्नो मामिलामा हस्तक्षेप नगर्न आग्रह गरेको छ। पाकिस्तान संयुक्त राज्य अमेरिका र इरानबिचको द्वन्द्व अन्त्यका लागि प्रमुख मध्यस्थकर्ताको रूपमा देखा परेको समय लेबनानका सेना प्रमुख रोडोल्फ हायकल सम्भवतः लेबनान र हेजबूल्लाहको मुद्दाबारे छलफल गर्न शनिबार पाकिस्तानको भ्रमण गर्नुभएको छ ।

## "कक्रोच जनता पार्टी"को पहिलो सडक प्रदर्शन, शिक्षामन्त्रीको राजीनामा माग

***नयाँदिल्ली, जेठ २३*** – सामाजिक सञ्जालमार्फत चर्चामा आएको 'कक्रोच जनता पार्टी' (सीजेपी) पहिलो पटक सडकमा उत्रिएको छ। भारतमा विभिन्न परीक्षाका प्रश्नपत्र चुहावट भएको भन्दै पार्टीले शनिबार नयाँदिल्लीको जन्तर-मन्तरमा विशाल प्रदर्शन गर्दै शिक्षामन्त्री धर्मेन्द्र प्रधानको राजीनामा माग गरेको हो।

पार्टीका संस्थापक अभिजित दिपकेको नेतृत्वमा आयोजित प्रदर्शनमा हजारौँ समर्थक सहभागी भएका थिए। आन्दोलनकारीहरूले नीट-यूजी २०२६ को प्रश्नपत्र चुहावट तथा सीबीएसईको अनलाइन मूल्याङ्कन प्रणालीमा भएको भनिएको अनियमितताविरुद्ध नाराबाजी गरेका थिए। प्रदर्शनका क्रममा 'धर्मेन्द्र प्रधान इस्तीफा दो' र 'हामीले मेक इन इन्डिया माग्यौँ, तपाईंहरूले लिक इन इन्डिया दिनुभयो' जस्ता नाराहरू घन्किएका थिए। सहभागीहरूले शिक्षा क्षेत्रमा बढ्दो भ्रष्टाचार र लापरबाहीका




कारण विद्यार्थीको भविष्य संकटमा परेको आरोप लगाए। अमेरिकाको बोस्टनबाट शनिबार बिहान भारत आइपुगेका अभिजित दिपके विमानस्थलबाटै आन्दोलनस्थल पुगेका थिए। उनले प्रदर्शनलाई सम्बोधन गर्दै शिक्षा प्रणालीमा पारदर्शिता, निष्पक्षता र जवाफदेहिताको माग गरेका थिए। पार्टीले शिक्षा क्षेत्र सुधारका लागि आन्दोलन सुरु गरिएको जनाएको छ। सामाजिक सञ्जालमा लोकप्रिय बनेको 'कक्रोच जनता पार्टी' हालसम्म औपचारिक रूपमा राजनीतिक दलका रूपमा दर्ता नभए पनि यसको पहिलो सार्वजनिक प्रदर्शनले भारतको शिक्षा प्रणालीमाथि बहस चर्काएको छ। प्रदर्शनमा सामाजिक अभियन्ता तथा शिक्षाविद् सोनम वाङ्चुक समेत सहभागी भएका थिए। भारतीय सञ्चारमाध्यमहरूका अनुसार प्रदर्शन शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ।

## नेपाल-भारत...

प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा पनि दुई देशबीच सहकार्यको नयाँ आधार तयार भएको छ। काठमाडौं विश्वविद्यालय अन्तर्गतको डिजिटल पूर्वाधार तथा कृत्रिम बुद्धिमत्ता केन्द्र र डिजिटल इन्डिया भाषिनी डिभिजन बीच बहुभाषिक 'भ्वाइस फर्स्ट' प्लेटफर्म निर्माणका लागि सहकार्य गर्ने समझदारी भएको छ। यस परियोजनाले नेपालीसहित विभिन्न भाषामा डिजिटल सेवा पहुँच विस्तार गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

दुई देशका विदेशमन्त्रीबीच भएको छलफलमा व्यापार, लगानी, ऊर्जा, जलस्रोत, यातायात सञ्जाल, खेलकुद तथा जनस्तरको सम्बन्ध विस्तारका विषयमा पनि विचार आदानप्रदान भएको बताइएको छ।

भारतीय विदेशमन्त्री जयशंकरले नेपालसँगको सम्बन्धलाई भारतको प्राथमिकतामा रहेको उल्लेख गर्दै सूचना प्रविधि, स्टार्टअप, कृत्रिम बुद्धिमत्ता र हरित ऊर्जाजस्ता क्षेत्रमा सहकार्य बढाउन चाहेको बताएका छन्। उनले क्षेत्रीय चुनौतीका बाबजुद नेपालतर्फ इन्धन आपूर्ति निरन्तर सुनिश्चित गरिएको पनि बताएका छन्।

नेपाल-भारतबीच भएका यी नयाँ समझदारीले आर्थिक, प्राविधिक तथा जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने विश्वास गरिएको छ।

## मोबाइल ...

१२ परीक्षाका क्रममा अमर्यादित गतिविधि रोक्न भन्दै परीक्षार्थीहरूबाट मोबाइल तथा अन्य डिजिटल उपकरण जफत गरेको थियो। त्यसपछि प्रशासनको निर्देशनमा ती उपकरणहरू पानीमा डुबाएर प्रयोग गर्न नसकिने अवस्थामा पुऱ्याइएपछि थप फुटाएर नष्ट गरिएको विवरण सार्वजनिक भएको थियो।

प्रशासनका अनुसार सातवटा आईफोन, ४८९ वटा एन्ड्रोइड मोबाइल र पाँचवटा स्मार्ट घडी गरी कुल ५०१ वटा उपकरण नष्ट गरिएको थियो। ती सामग्रीको अनुमानित मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ।

घटनापछि कानुन व्यवसायीहरूले परीक्षामा मोबाइल प्रयोग गरेको पाइएमा परीक्षा रद्द गर्ने वा परीक्षाबाट निष्कासन गर्ने कानुनी व्यवस्था भए पनि व्यक्तिगत सम्पत्ति नष्ट गर्ने अधिकार प्रशासनलाई नभएको तर्क गरेका छन्। उनीहरूले यो कदम विधिको शासन र नागरिक सम्पत्तिको अधिकारविपरीत भएको बताएका छन्।

अभिभावकहरूले पनि आफ्ना छोराछोरीका लागि किनेका महँगा मोबाइल तथा घडीहरू बिना कानुनी प्रक्रिया नष्ट गरिएको भन्दै आपत्ति जनाएका छन्। उनीहरूले क्षतिपूर्ति उपलब्ध गराउन र घटनामा संलग्न अधिकारीमाथि छानबिन गरी कारबाही गर्न माग गरेका छन्।

मोबाइल नष्ट गर्ने प्रशासनिक निर्णय सार्वजनिक भएपछि यो विषय अहिले मधेश प्रदेश मात्र नभई राष्ट्रिय स्तरमै बहसको विषय बनेको छ। विद्यार्थी संगठनहरूले माग सम्बोधन नभए आन्दोलन थप सशक्त बनाउने चेतावनी दिएका छन्।

## सूर्यदर्शन ...

बचतकर्ताहरूको रकम फिर्ता हुने विषय अझै अन्योलमै रहेको छ। हजारौँ बचतकर्ताले आफ्नो बचत सुरक्षित रूपमा फिर्ता पाउने अपेक्षासहित न्यायिक प्रक्रियालाई नजिकबाट नियालिरहेका छन्।

भोटेको धरौटी रिहाइसँगै सूर्यदर्शन सहकारी प्रकरणले नयाँ कानुनी मोड लिएको छ भने बाँकी प्रतिवादीहरूको हकमा अदालतले गर्ने आगामी निर्णयप्रति समेत चासो बढेको छ।

## बारामा नदी...

दुई वटा टिपर नियन्त्रणमा लिएर कारबाही प्रक्रिया अघि बढाएको जनाएको छ।

नयाँ मापदण्डले वातावरण संरक्षण, चुरे क्षेत्रको सुरक्षा र स्थानीय श्रमिकको रोजगारीमा सकारात्मक प्रभाव पारेको दाबी गरिए पनि स्थानीय तहहरूले भने राजस्व संकलनमा चुनौती थपिएको बताएका छन्। केही पालिकाहरूले ठेक्का प्रक्रिया प्रभावित हुँदा करोडौँ रुपैयाँ राजस्व गुमाउनुपरेको जनाएका छन्।

वातावरणीय संरक्षण र स्थानीय अर्थतन्त्रबीच सन्तुलन कायम गर्ने उद्देश्यले लागू गरिएको यो व्यवस्था प्रभावकारी कार्यान्वयन भएमा नदी दोहन नियन्त्रणसँगै श्रममुखी अर्थतन्त्र प्रवर्द्धनमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

## अदालत...

व्यवसायीहरूले पूर्वसूचना बिना ताला काटिएको भन्दै विरोध गरेपछि तनावको अवस्था पनि सिर्जना भएको थियो।

पछि अदालतको पूर्णपाठ आएपछि कानुनी प्रक्रिया अनुसार अघि बढ्ने सहमति भएपछि विवाद शान्त भएको थियो। व्यवसायीहरूले सटरको चाबी वडा नं. २ का वडाध्यक्षलाई बुझाएका थिए।

उपमहानगरपालिकाका अनुसार ती सटरहरू सार्वजनिक जग्गामा निर्माण गरिएका थिए र विगतदेखि नै कानुनी विवादमा थिए। अहिले ती संरचनालाई नगर अस्पतालको सेवा सुधारका लागि उपयोग गर्न थालिएको छ। नगर प्रमुख राजन पौडेल घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा लिएका थिए भने प्रशासकीय अधिकृत रमेश सुवेदीसहितको टोलीले व्यवसायी र उपमहानगरबीच सहमति गराउन सहजीकरण गरेको थियो। स्थानीयवासीहरूले अदालतको निर्णयपछि लामो समयदेखिको विवाद समाधानतर्फ गएको भन्दै सार्वजनिक सम्पत्तिको उपयोग स्वास्थ्य सेवाका लागि प्रयोग हुनु सकारात्मक भएको प्रतिक्रिया दिएका

## दलित ...

उपाध्यक्ष तथा स्वजातीय अगुवा पन्नालाल दास ले बौद्धिक जमातको यस्तो भेलाले समुदायको जिम्मेवारी स्पष्ट गरेको बताए। उनले शिक्षित समाज निर्माण नै दीर्घकालीन लक्ष्य हुनुपर्ने उल्लेख गर्दै एकता र सहअस्तित्वलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए।

कार्यक्रममा आम दलित मोर्चाका केन्द्रिय अध्यक्ष ठागा दास, राष्ट्रिय तत्मा समाज नेपालका उपाध्यक्ष सिकिनदर दास, राम ईश्वर दास, महासचिव शंकर दास, पूर्व गाउँपालिका अध्यक्ष तथा महिला नेतृ दिपा दास, मिडिया काउन्सिलका पूर्व अध्यक्ष तथा दलित पत्रकार संघ मधेश प्रदेशका अध्यक्ष कैलाश दासलगायतको उपस्थिति रहेको थियो। कार्यक्रम तत्मा बौद्धिक समाजका अध्यक्ष तथा इन्जिनियर रामबाबु दासको अध्यक्षतामा सम्पन्न भएको हो। कार्यक्रममा "तत्मा दर्शन" पुस्तकको विमोचन गरिएको थियो भने उद्घाटन गमलामा पानी हालेर गरिएको थियो। आयोजकका अनुसार भेलाले समुदायको शैक्षिक, सामाजिक तथा राजनीतिक सशक्तीकरणका लागि साझा संकल्प पारित गर्दै आगामी दिनमा एकताबद्ध भएर अघि बढ्ने प्रतिबद्धता जनाएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कोल्हवी नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# खाद्यजन्य रोग नियन्त्रण र जनस्वास्थ्य सुधारमा सरकार प्रतिबद्ध : मन्त्री निशा मेहता

***जनकपुर, जेठ २४ –***
स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहता ले खाद्यजन्य रोगहरू आज पनि गम्भीर जनस्वास्थ्य समस्याका रूपमा रहेको उल्लेख गर्दै जनस्वास्थ्य सुधारका लागि सरकार प्रतिबद्ध रहेको बताएकी छन्।




विश्व खाद्य स्वच्छता दिवसको अवसरमा आइतबार जारी शुभकामना सन्देशमा मन्त्री मेहताले सुरक्षित र स्वच्छ खानपानको सुनिश्चिततामार्फत नागरिकको स्वास्थ्य संरक्षण गर्न सरकार निरन्तर सक्रिय रहेको बताइन्। उनले खाद्य स्वच्छता तथा गुणस्तर ऐन-२०८१ को प्रभावकारी कार्यान्वयनलाई सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गरिन्।

मन्त्री मेहताका अनुसार खाद्य परीक्षण प्रयोगशालाको क्षमता अभिवृद्धि, जोखिममा आधारित बजार अनुगमन तथा खाद्य सुरक्षासम्बन्धी नीतिगत सुधारका कार्यक्रमलाई आगामी दिनमा थप प्रभावकारी बनाइनेछ। उत्पादनदेखि उपभोगसम्मको सम्पूर्ण खाद्य शृङ्खलामा स्वच्छता कायम राख्नु राज्यको प्रमुख दायित्व भएको उनको भनाइ छ।

उनले असल कृषि अभ्यास, असल उत्पादन अभ्यास तथा उचित भण्डारण प्रणालीको अवलम्बनबाट मात्र गुणस्तरीय खाद्यवस्तुको उपलब्धता सुनिश्चित गर्न सकिने बताइन्। यस्ता उपायले खाद्यजन्य रोग न्यूनीकरण हुनुका साथै अस्वस्थ खानपानका कारण हुने मानवीय क्षति र आर्थिक भारसमेत कम हुने विश्वास व्यक्त गरिन्।

मन्त्री मेहताले खाद्य उत्पादन, प्रशोधन, वितरण तथा उपभोगसँग सम्बन्धित सबै सरोकारवालाले खाद्य स्वच्छताको महत्वलाई आत्मसात् गर्दै आ-आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्नुपर्नेमा जोड दिइन्।

यस वर्ष विश्व खाद्य स्वच्छता दिवस नेपालसहित विश्वभर 'सबैतिर स्वच्छ खानपान, खाद्यजन्य समस्याको पहिचान' भन्ने मूल नाराका साथ मनाइँदै छ। विश्व स्वास्थ्य संगठनका अनुसार हरेक वर्ष विश्वभर करिब ६० करोड मानिस दूषित खाद्य पदार्थका कारण बिरामी पर्ने गरेका छन् भने करिब चार लाख २० हजार मानिसले ज्यान गुमाउने गरेका छन्।

खाद्य सुरक्षा र स्वच्छ खानपानप्रति जनचेतना अभिवृद्धि गर्दै खाद्यजन्य रोग नियन्त्रण गर्ने उद्देश्यका साथ विभिन्न कार्यक्रम गरी दिवस मनाइएको छ।

# जनकपुरधाममा तत्मा समाजद्वारा नेपाल-भारत सांस्कृतिक एकता र सम्मान कार्यक्रम सम्पन्न



जनकपुरधाम, जेठ २४ – नेपालको ऐतिहासिक तथा धार्मिक नगरी जनकपुरधाममा राष्ट्रिय तत्मा समाज नेपालले आयोजना गरेको शुभकामना तथा सम्मान कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रममा नेपाल-भारतबीचको सामाजिक, सांस्कृतिक र ऐतिहासिक सम्बन्धलाई थप मजबुत बनाउने विषयमा जोड दिइएको थियो।

कार्यक्रममा भारतस्थित इन्डियन इन्क्लुसिव पार्टीका राष्ट्रिय प्रवक्ता राजकुमार दास लाई राष्ट्रिय तत्मा समाज नेपालका पूर्व राष्ट्रिय अध्यक्षको हैसियतमा फूलमाला र पारम्परिक गम्छा ओढाएर सम्मान गरिएको हो।

कार्यक्रम राष्ट्रिय तत्मा समाज नेपालका अध्यक्ष रामआशिष दास को अध्यक्षतामा सम्पन्न भएको थियो। आयोजकहरूले यस सम्मानलाई दुई देशबीचको सामाजिक एकता, सांस्कृतिक विरासत र आपसी सम्मानको प्रतीकका रूपमा व्याख्या गरेका छन्।

वक्ताहरूले नेपाल-भारत सम्बन्ध केवल कूटनीतिक मात्र नभई "रोटी-बेटी" को गहिरो सामाजिक र पारिवारिक सम्बन्ध रहेको उल्लेख गरे। जनकपुरधाम र अयोध्याबीचको धार्मिक तथा सांस्कृतिक सम्बन्धदेखि मधेश र भारतका सीमावर्ती क्षेत्रका जनसमुदायबीचको आपसी सम्बन्धले दुई देशका जनता लामो समयदेखि भावनात्मक रूपमा जोडिएको उनीहरूको भनाइ थियो।

कार्यक्रममा सामाजिक न्याय, समानता, दलित तथा पिछडिएका समुदायको उत्थान र राजनीतिक सहभागिता विस्तारका विषयमा पनि छलफल गरिएको थियो। सहभागीहरूले नेपाल र भारतका तत्मा समुदायबीच आपसी सहयोग, अनुभव आदानप्रदान र संगठनात्मक सहकार्यलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए।

राजकुमार दासको नेपाल आगमनले दुई देशका उत्पीडित तथा श्रमजीवी समुदायबीच एकता, सहयोग र समन्वयको नयाँ सन्देश दिएको आयोजकहरूको भनाइ छ।

कार्यक्रमले नेपाल-भारत मैत्री, सांस्कृतिक सद्भाव र सामाजिक एकतालाई थप मजबुत बनाउने अपेक्षा गरिएको छ।

# वन गस्ती टोलीमाथि आक्रमणका आरोपी साह पक्राउ

***संवाहक सम्वादाता-२४ बैशाख, कलैया***
रौतहटको वन क्षेत्रमा काठ तस्करी नियन्त्रणका लागि खटिएको गस्ती टोलीमाथि आक्रमण गरेको आरोपमा एक युवक पक्राउ परेका छन्। प्रहरीले गुजरा नगरपालिका-२ मैढा गाउँका २६ वर्षीय राजकिशोर साहलाई वीरगञ्जबाट पक्राउ गरेको जनाएको छ।



जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार फरार रहेका साहलाई ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर र प्रहरी चौकी बिर्ता, वीरगञ्जको संयुक्त टोलीले शनिबार साँझ वीरगञ्जमा लुकीछिपी बसेको अवस्थामा नियन्त्रणमा लिएको हो। पक्राउपछि उनलाई थप अनुसन्धानका लागि ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरको हिरासतमा राखिएको छ।

प्रहरीका अनुसार सहायक वन अधिकृत राजकुमार चौधरीले दिएको जाहेरीका आधारमा राजकिशोर साहसहित अन्य व्यक्तिविरुद्ध ज्यान मार्ने उद्योग मुद्दा दर्ता गरिएको थियो। सोही मुद्दामा जिल्ला अदालत रौतहटले पक्राउ पुर्जी जारी गरेपछि प्रहरी उनको खोजीमा जुटेको थियो।

गत जेठ १९ गते मध्यराति काठ चोरी भइरहेको गोप्य सूचनाका आधारमा डिभिजन वन कार्यालय र रङ्गपुर साझेदारी वन उपभोक्ता समितिको संयुक्त गस्ती टोली जंगल क्षेत्रमा पुगेको थियो। सो क्रममा गस्ती टोलीमाथि एक समूहले आक्रमण गरेको प्रहरीले जनाएको छ। आक्रमणमा सहायक वन अधिकृत राजकुमार चौधरी, वन रक्षक सुरेन्द्र चौधरी, उपभोक्ता समितिका सदस्य अर्जुन चौधरी, बिमल थापा तथा चालक अरविन्द पटेल घाइते भएका थिए। घाइतेहरूको उपचारपछि अवस्था सामान्य रहेको जनाइएको छ।

घटनापछि वन क्षेत्रमा सक्रिय काठ तस्करी समूह र सुरक्षाकर्मीमाथि बढ्दो जोखिमबारे चासो बढेको छ। प्रहरीले घटनामा संलग्न अन्य फरार व्यक्तिहरूको खोजी तीव्र पारिएको जनाएको छ। वन विनाश तथा अवैध काठ तस्करी नियन्त्रणका लागि सुरक्षा निगरानीसमेत थप कडा बनाइएको प्रहरीको भनाइ छ।

# सूर्यदर्शन सहकारी प्रकरणमा महेन्द्र भोटे धरौटीमा रिहा

काठमाडौं, जेठ २४ –
बहुचर्चित सूर्यदर्शन सहकारी ठगी तथा बचत अपचलन प्रकरणमा आरोपित महेन्द्र भोटे ५ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका छन्। महेन्द्र भोटे लाई कास्की जिल्ला अदालतले १७ करोड रुपैयाँ बिगो तिर्ने सर्तमा धरौटीमा छाड्न आदेश दिएको हो।




जिल्ला अदालत कास्कीका न्यायाधीश हिमलाल बेल्बासे को इजलासले उक्त आदेश दिएको अदालत स्रोतले जनाएको छ। भोटे लामो समयदेखि न्यायिक हिरासतमा रहेका थिए।

प्रहरी अनुसन्धानअनुसार भोटेमाथि सूर्यदर्शन सहकारीको करिब साढे ८ करोड रुपैयाँ हिनामिना तथा अपचलनमा संलग्न रहेको आरोप छ। उनी स्थानीय तह निर्वाचनमा मादी गाउँपालिकाको अध्यक्ष पदका उम्मेदवारसमेत बनेका थिए तथा युवा राजनीतिसँग जोडिएका व्यक्ति मानिन्छन्।

सहकारी ऐन, २०७४ अन्तर्गत दर्ता भएको यस मुद्दामा १ अर्ब ११ करोड रुपैयाँभन्दा बढी बिगो दाबी गरिएको छ। प्रकरणमा १९ जनालाई प्रतिवादी बनाइएको छ। अनुसन्धानका क्रममा सहकारीको रकम विभिन्न कम्पनी तथा नक्कली सदस्यमार्फत अपचलन गरिएको आरोप लगाइएको छ।

प्रहरी प्रतिवेदनमा सहकारीको नेतृत्व परिवर्तन हुँदै जाँदा विभिन्न कार्यकालमा ठूलो रकम हिनामिना भएको उल्लेख छ। यस प्रकरणमा जीबी राई सहित अन्य व्यक्तिहरूमाथि पनि अनुसन्धान तथा कानुनी प्रक्रिया जारी छ। अदालतको आदेशपछि भोटे रिहा भए पनि सहकारीका

बाँकी तेस्रो पृष्ठमा

# रास्वपा पर्सा वीरगञ्ज महानगरका सबै विभाग विघटन

***वीरगञ्ज, जेठ २४ –***
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा अन्तर्गत वीरगञ्ज महानगर समितिले मातहतमा रहेका सम्पूर्ण विभाग तथा उपसमितिहरू विघटन गरेको छ। अधिवेशन सम्पन्न भइसकेको अवस्थामा संगठनात्मक पुनर्संरचना आवश्यक भएकाले पुराना सबै संरचना तत्काल प्रभावबाट निष्क्रिय गरिएको हो।

राष्ट्रिय स्वतन्त्र पार्टी अन्तर्गत रहेको वीरगञ्ज महानगर समितिले नयाँ नेतृत्व तथा संरचना चयन नहुँदासम्म सबै विभागीय गतिविधि रोकिएको जनाएको छ।


महानगर समितिका सभापति दिपराज पटेल द्वारा जारी सूचनामा महानगरअन्तर्गत सञ्चालनमा रहेका सबै विभाग, उपसमिति तथा पदाधिकारीहरूको कार्यकाल समाप्त भएको स्पष्ट गरिएको छ।

समितिका अनुसार अधिवेशनपछि नयाँ कार्यसमिति गठनको प्रक्रिया पूरा नभएसम्म सबै विभागीय जिम्मेवारी, अधिकार र नियमित गतिविधिहरू स्वतः निष्क्रिय रहनेछन्।

यो निर्णयबारे पार्टीको केन्द्रीय कार्यसमिति, केन्द्रीय संगठन विभाग तथा प्रदेश संगठन विभागलाई समेत जानकारी गराइसकिएको जनाइएको छ।

पुनर्गठनपछि महानगरस्तरका सबै विभाग तथा उपसमितिहरू नयाँ ढाँचामा गठन हुने र संगठनात्मक गतिविधि थप व्यवस्थित रूपमा अघि बढाइने अपेक्षा गरिएको छ।


## तातो हावा वा लू बाट बच्ने उपायहरु




- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

**सुवर्ण गाउँपालिका**
**द्वारा जनहितमा जारी सन्देश ।**



## तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

**फेटा गाउँपालिका**
**द्वारा जनहितमा जारी सन्देश ।**


बाँकी तेस्रो पृष्ठमा